Govt. Reg. 189/061/62
SWC Reg. 17256

CEPHED

# जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्र

## Center for Public Health and Environmental Development

**Bridging people with science and technology for healthy living and environmental development**

### प्रेस विज्ञप्ती

## लेडयूक्त पेन्ट उन्मूलनका लागि सरकारी मापदण्डको प्रभावकारी कार्यान्वयनको आवस्यक्ता

अन्तर्राष्ट्रिय रसायन सुरक्षामा कार्यरत समूहहरुले विश्वब्यापी रुपमा सन् २०२० सम्म लेडयूक्त पेन्ट पुर्णतया उन्मूलन गर्नुपर्ने अठोटका साथ अगाडी बढीरहेको छ । जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्र (CEPHED) नेपालले विश्वब्यापी लेडयूक्त पेन्ट उन्मूलन सम्बन्धी सन् २०२० लक्ष्य प्राप्तीको लागि कटीबद्ध एवं प्रयासरत छ ।

**मिति २०७२ कार्तिक ८ गते काठमाण्डौ,** जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्र उक्त विश्वब्यापी लेडयूक्त पेन्ट उन्मूलन सम्बन्धी लक्ष्य प्राप्तीको लागि नेपालमा आम जनचेतना जगाउन लेड सम्बन्धी ब्यापक प्रचार प्रसार र जानकारी गराउनेखाले साताब्यापी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न गैरहेको छ । जनस्वास्थ्य र वातावरणलाई लेडको प्रभावबाट जोगाउन विभिन्न स्कूल र सार्वजनिक स्थानहरुमा लेड सम्बन्धी अभिमूखिकरण तथा फ्लेक्स पेन्टिङ्ग वनाई राखने, लेड सम्बन्धी आम जनचेतना जगाउने विभिन्न जानकारीमूलक पोष्टर, स्टिकर, फ्लिेक्स आदि उत्पादनगरी ब्यापक प्रचार, प्रसार तथा वितरण गर्नुको साथै **नेपाल सरकारबाट हालै तोकिएको लेड पेन्ट सम्बन्धी बाध्यकारी मापदण्ड ९० पि.पि.एम. को बारेमा पनि विभिन्न रेडियो, टेलिभिजन तथा छापा माध्यमबाट** प्रचार, प्रसार गर्ने कार्यक्रम रहेको छ । साथै नयाँ मापदण्डको प्रभावकारी कार्यान्वयनको लागि सबै सरोकारबाला निकाय, संघ, संस्था तथा ब्यक्तिहरु सम्मिलित एकदिने कार्यशाला गोष्ठी आदिको आयोजना गरी नेपालमा **लेडको विषबाट बचावटका लागि अन्तर्राष्ट्रिय सचेतना सप्ताह मनाउने कार्यक्रमको सुभारम्भ** पनि आजै देखी भएको छ ।

लेडको विषबाट बचावटका लागि अन्तर्राष्ट्रिय सचेतना सप्ताह कार्तिक ८ गते देखि १४ गते सम्म विश्व स्वास्थ्य संगठन (WHO) र संयूक्त राष्ट्र संघिय वातावरण कार्यक्रम (UNEP) को संयूक्त तत्वाधानमा लेडयूक्त पेन्ट उन्मूलन सम्बन्धी लक्ष्य प्राप्तीको लागि सञ्चालन भैरहेको विश्वब्यापी अभियानमा यस केन्द्रले नेपालमा स्थानिय स्तरमा विभिन्न जनचेतना तथा क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरी परीपुरकको भुमिका खेल्दै आएको छ ।




नेपालको कूल जनसंख्याको एक तिहाई करीब ३२ % बालबालिकाहरु लेडको उच्च जोखिममा रहेको छ । किनभने नेपालमा आयात, उत्पादनहुने पेन्टहरुको संख्याको आधारमा ७०% भन्दा बढी पेन्टहरुमा नेपाल सरकारले हालै तोकेको लेड सम्बन्धी बाध्यकारी मापदण्ड ९० पि.पि.एम. भन्दा बढी लेड पाईने गरेकाले उक्त सरकारी मापदण्डको प्रभावकारी कार्यान्वयन गर्न गराउन सबै सम्बन्धित सरोकारबाला र खासगरी सम्बन्धित सरकारी निकायहरुबाट ठोस कदम चाल्न अति आवस्यक भैसकेको छ ।

साथै आवस्यक ऐन, कानून, मापदण्ड र जिम्मेबार नियमनकारी सरकारी निकायको आभावमा नेपालमा पाईने बालबालिकाको खेलौना, स्कूल र घरको धुलो, कस्मिेटिक्स र गरगहनाहरुमा पनि अत्यधिक मात्रामा लेड पाईने गरेकोबाट आम नागरीक र खासगरी नेपाली बालबालिका लेडको थप जोखिममा रहेको पुष्टि भएेको छ । नेपाल संयूक्त राष्ट्र संघिय बालअधिकार महासन्धिको पक्षधर राष्ट्र भएको २५ औ वर्ष वितिसक्दा पनि र नयाँ संविधानमा स्वच्छ वातावरणको हक, स्वास्थ्य सम्बन्धी हक र बालबालिकाको हकलाई मौलिक हकको रुपमा पहीचान गरीएपनि नेपाली बालबालिकाहरु आजको दिनसम्म विभिन्न घातक रसायनहरु जस्तै लेडबाट सुरक्षित घर वा स्कूलमा बस्न, पढ्न र सुरक्षित खेलौनाले खेल्न पाएका छैनन् ।

लेडबाट बचावटका विश्वब्यापी रुपमै अनुशरण गरेका उपायहरु मध्ये आवस्यक ऐन, कानून र बाध्यकारी मापदण्डको तर्जुमा र प्रभावकारी कार्यान्वयनबाट लेडयूक्त पेन्ट र अन्य सामग्रीहरुको उत्पादन तथा विक्रिवितरणमा पुर्णतया बन्देज लगाई बालबालिकालाई लेडको जोखिमबाट बचाउनु पर्ने आजको टडकारो आवस्यक्ता हो ।

नेपाल सरकार, नेपाल स्वास्थ्यय अनुसन्धान परीषद (NHRC) द्वारा भर्खरै काठमाण्डौ उपत्यकाका ३१२ जना तिनवर्ष मुनिका बालबालिकाहरुको रगतमा लेडको परीक्षण गर्दा ९० % भन्दा बढी बालबालिकाको रगतमा लेड पाईएको र जसमध्ये ६५% मा स्वास्थ्यमा एकदमै गम्भिर असर पुर्‍याउने स्तर ५ µg/dl भन्दा पनि बढी लेड पाईएकोले सबै सम्बन्धित निकायहरुले यसको बारेमा सोच्नुपर्ने बेला आईसकेको छ । तसर्थ हामी सबै मिलेर **<u>नेपाल सरकारले तोकेको बाध्यकारी लेड पेन्ट सम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयन</u>** बाट लेडयुक्त पेन्टको उन्मूलन गरी हाम्रा बालबालिका र वातावरणलाई लेडको दिर्घकालिन तथा अपरीवर्तणीय खाले नकारात्मक असरहरुबाट जोगाउन अति जरुरी भैसकेको केन्द्रका कार्यकारी निर्देशक तथा वातावरण वैज्ञानिक रामचरित्र साहले बताउनु भयो ।

विश्व स्वास्थय संगठनले लेडलाई विश्वब्यापीरुपमा जनस्वास्थ्यलाई असर पुर्‍याउने प्रमूख १० रसायनहरु मध्ये एक प्रमूख घातक रसायनको रुपमा पहिचान गरेको छ भने मानव शरीरमा लेडको कुनै शुरक्षित मात्रा हुदैन भने तथ्य पनि स्थापित गरेको छ । लेडले मानिसको शारीरीक, मानसिक तथा बौद्धीक विकासमा असर गर्दछ । विश्वब्यापी रुपमा लेडको सम्पर्कबाट बर्षेनी करीब १४३,००० जनाको मृत्यू हुने गरेको छ भने नयाँ ६००,००० बालबालिकाहरु मानसिकरुपमा अशक्त बन्दै गएकोमा हामीजस्तै न्यून तथा मध्यम आय भएका राष्ट्रहरुमा यस्ता ९९ % घटनाहरु हुने गरेको कुरा विश्व स्वास्थ्य संगठनको तथ्याङ्क रहेको छ । तसर्थ **बालबालिका लगायत आम जनताको स्वास्थ्य तथा वातावरण संरक्षण गर्न लेडयूक्त पेन्ट उन्मूलनका लागि पेन्टमा लेडसम्बन्धी सरकारी मापदण्डको प्रभावकारी कार्यान्वयन गरौ र गराऔ ।**

सहयोगको लागि धन्यवाद । थप जानकारीको लागि

राम चरित्र साह
कार्यकारी निर्देशक एवं वातावरण वैज्ञानिक
जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्र (CEPHED)
फोन न. ५२०१७८६, मोबाईल.न. ९८०३०४७६२१
ईमेल: ramcharitra@gmail.com
Web: www.cephed.org.np